नगर विकास योजना

आर्थिक वर्ष २०७९/८०

फिदिम नगरपालिका

पाँचथर, प्रदेश नं. १, नेपाल

आर्थिक वर्ष २०७९/८० को नगर विकास योजना प्रतिलिपि अधिकार
© फिदिम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

प्रकाशक
फिदिम नगरपालिका
पाँचथर जिल्ला, प्रदेश नं. १, नेपाल
मुद्रक
न्यू प्रयास छापाखाना, विराटनगर, मोरङ

फिदिम नगरपालिका

नेपालको संबिधान लागुभएपछि २०७४ सालमा राज्यको पुनर्संरचना बाट १४ वार्डमा बिभाजित फिदिम नगरपालिका २७.०९० उत्तरी अक्षांश देखि ८७.८७० पूर्वी देशान्तरमा अवस्थित छ । पूर्वमा फालेलुङ गाउँ पालिका र इलाम जिल्ला, पश्चिममा कुम्मायक गाउँपालिका र तेह्रथुम जिल्ला, उत्तरमा हिलिहाङ गाउपालिका र दक्षिणमा फाल्गुन्नद गाउँपालिका बिच अबस्थित छ । राष्ट्रिय जनगणना २०६८ अनुसार २६०३४ महिला २३१६७ पुरुष गरी जम्मा ४९२०१ जनसंख्या रहेको छ । मुख्य रुपमा पहाडी र केही उच्च पहाडी भू-भागमा फैलिएको समुद्र सतह देखि १३८० फिट देखि १०७३७ फिट उचाई सम्म अबस्थित यस नगरपालिकाको १९२.५० वर्ग किलोमिटर क्षेत्रफल रहेको छ । न्यूनतम १.२ डिग्री सेल्सियस देखि अधिकतम २६ डिग्री सेल्सियस सम्म तापक्रम हुने यस नगरपालिकामा उष्ण, उपोष्ण र समसितोष्ण हावापानी पाइन्छ । धान, मकै, गहुँ, आलु, केराउ, फापर, दलहन, तेलहन, सदाबहार फलफूलहरु आँप, लिची, केरा, रुखकटहर, भुँईकटहर, र मौसमी सुन्तोला, स्याउ, अलैची, अम्रिसो, अदुवा, चिया जडिबुटी साथै विभिन्न किसिम र जातका तरकारीहरु खेती गरिनुका साथै गाई, भैंसी, भेडा, बाख्रा, बंगुर, सुगुर, कुखुरा आदि व्यवसायिक र व्यक्तिगतरुपमा पशुपालन गरिदै आएको छ ।

बिभिन्न जात जाति र सम्प्रदायको बसोबास रहेको सबै प्रति सद्भाव, भाईचारा, आपसि मित्रवत सहयोग विविध जातजातिका चार्डपर्वहरु एक आपसमा मिलेर सहभागि भई मनाउने गरिएको पाइन्छ । पहाडी भू-वनोट भएकोले धेरै पर्यटकीय स्थलहरु रहेकोले प्राकृतिक भूबनोट आफैम मनमोहक छ । फिदिम नगरपालिकाका केहि तथ्याँकहरु ।



स्रोतः स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्नेः गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

१) क्षेत्रफल		१९२.५०
१ कृषि क्षेत्र		९७७१ हेक्टर (४९.४)
२ बन तथा चरन क्षेत्र		१०००२.९ हेक्टर (५०.६)
क) सामुदाईक बन	४२	२३१०.८५ हेक्टर (२३.५)
ख) कबुलियत बन	२३	५६.२६ हेक्टर (०.५६२)
ग) धार्मिक बन	२	१७.५५ हेक्टर (०.१७५)
घ) राष्टिय बन		७६१७.२४ हेक्टर (७६.१५)
ङ) निजि बन	१	
च) नर्सरी	१	१ हेक्टर (०.०१)
३ सिंचित क्षेत्रफल		३१७१ हेक्टर (१३.५)
४ जनसंख्या	४९२०१	
महिला	२६०३४	
पुरुष	२३१६७	
५) परिवार संख्या	१०९९४	

६) जनघनत्व २५६
७) औषत परिवार ४.४७
८) सौचालय ९२.६९ प्रतिषत
९) षाक्षरता ७५.७४
महिला ६८.९३ प्रतिषत
पुरुष ८३.५२ प्रतिषत
१०) बिध्यालय
क) सामुदायीक ७९
अ) आधारभूत तह ५८
आ) माध्यमिक तह २१
इ) बाल बिकास केन्द्र ८२
बिध्यालयमा आधारित ७६
समुदायमा आधारित ६
ख) संस्थागत ११
आधारभुत तह ७
माध्यमिक तह ४
११) क्याम्पस सामुदायिक १
१२) स्वास्थ्य
क) जिल्ला अस्पताल १
ख) आधारभूत श्वास्थ्य चौकि ८
ग) आधारभूत श्वास्थ्य केन्द्र ६
घ) शहरि श्वास्थ्य क्लिनिक २
ङ) निजि अस्पताल १
च) क्लिनिक ७
छ) बर्थिड सेन्टर ५
ज) आयुर्बेद औषधालय २
झ) खोप केन्द्र ४४
ञ) गाउँघर क्लिनिक २५

१३) सार्बजनिक सेवाप्रबाह
क) १४ वार्ड कार्यालयहरु
ख) १६ स्वास्थ्य चौकि, आधारभूत स्वास्थ्य केन्द्र र सहरी स्वास्थ्य क्लिनिक हरु
ग) आयुर्बेद औषधालयहरु २

फिदिम नगरपालिका

एघारौं नगरसभामा नगरउपप्रमुख श्री राधाकृष्ण न्यौपानेद्वारा प्रस्तुत
आर्थिक वर्ष २०७९/०८० को बजेट, नीति तथा कार्यक्रम
१० असार २०७९

सभाका अध्यक्ष महोदय,

नगरसभा सदस्यज्यूहरु,

१. नेपालको संविधानको धारा २३०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ तथाप्रदेश नं. १, गाउँ सभा र नगर सभा सञ्चालन (कार्यविधी) ऐन,२०७५ को दफा ३२ बमोजिम यस गरिमामय नगर सभासमक्ष आगामी आर्थिक बर्ष २०७९।८० को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भए पश्चात २०७४ सालमा निर्वाचित स्थानीय तहका जनप्रतिनिधीहरुको पहिलो कार्यकाल समाप्त भई २०७९ साल बैशाख ३० गते भएको स्थानीय तहको दोस्रो निर्वाचनबाट हामीलाई जनताले फिदिम नगरपालिकाको स्थानीय सरकारको जिम्मेवारी अभिमतबाट प्रदान गरी हामी यस गरिमामय नगर सभामा उपस्थित भएका छौं । यस अवसरमा लोकतान्त्रिक आन्दोलनका विभिन्न काल खण्डमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

३. स्थानीय तह निर्वाचन २०७९ बैशाख ३० गते सम्पन्न भएको छ । मतदानमा भागलिएर आफ्नो मताधिकार प्रयोग गर्ने सम्पूर्ण मतदाताहरुमा यस अवसरमा धन्यवाद ज्ञापन गर्दछु । साथै, मतदान प्रक्रियालाई मर्यादित, स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण तवरबाट सम्पन्न गर्ने कार्यमा सहभागी निर्वाचन आयोग, राजनैतिक दल, सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारी, मतदाता तथा सञ्चार माध्यमप्रति धन्यवाद ज्ञापन गर्दछु ।

४. विश्वव्यापी महामारीको रुपमा फैलिएको तेस्रो चरण सम्मको कोरोना -१९ माहामारीको कारण हामीले मात्र नभएर विश्वले नै मानवीय र आर्थिक संकट सामना गर्नु पर्यो । यो अकल्पनीय संकटले संघ, प्रदेश र सबै स्थानीय सरकारको विगत आर्थिक वर्ष देखि नै योजना तथा कार्यक्रमहरु प्रभावित भएको विदित्तै छ । संघ, प्रदेश र स्थानीय सरकारको सहकारिता, समन्वय र सह अस्तित्वको मूल मर्म अनुसार संयुक्त सहकार्यबाट कोरोना महामारीको संकटबाट क्रमश: सामान्य अवस्थातर्फ हामी उन्मुख भएका छौं ।

सभाध्यक्षज्यू,

अब म चालु आर्थिक वर्ष २०७८/७९ को ज्येष्ठ मसान्तसम्मको सञ्चालन तथा विकास कार्यक्रम र आयोजनाहरुको वित्तीय प्रगति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्षको सुरुवाती समयमा कोभिड-१९ को तेस्रो लहरको प्रभावले जनस्वास्थ्यमा परेको प्रभावबाट विकास कार्यक्रम र आयोजनाहरुको आशातीत प्रगति हुन सकेन । आर्थिक वर्षको मध्य तथा उत्तरार्धमा कोभिड -१९ को तेस्रो लहरको प्रभाव क्रमश: कम हुँदै गएको र जनस्वास्थ्यमा क्रमश: सुधारका

लक्षणहरु देखिएको अवस्था छ । देशमा निर्माण सामाग्री,पेट्रोलियम पदार्थ र श्रमशक्तिको मूल्य वृद्धिका कारण चालु आर्थिक वर्षका कार्यक्रम र आयोजनाहरुको उल्लेख्य प्रगति भने हुन सकेन । त्यसैले आर्थिक वर्ष २०७८/०७९को समिक्षा अवधि ज्येष्ठ मसान्तसम्मको प्रगति मध्यम अवस्थामा नै सिमित हुन पुगेको यथार्थ यस सभासमक्ष अवगत गराउँदै आर्थिक वर्ष २०७८/०७९ को ज्येष्ठ मसान्तसम्मको वित्तीय प्रगति प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

क) आर्थिक विकासः

आर्थिक विकासतर्फ कुल रु. ९ करोड ४६ लाख १३ हजार ९१९रुपैंया विनियोजन भएकोमा रु. ३ करोड २२ लाख २० हजार ९२८ रुपैंया खर्च भई ३४.६ प्रतिशत वीत्तीय प्रगति भएको देखिन्छ । कृषि विकासतर्फ विनियोजित रु. २ करोड ६७ लाख ३८ हजार ५०० रुपैंया मध्ये रु ९६ लाख ६८हजार ६७६ रुपैंया खर्च भई ३६.१५ प्रतिशत वितीय प्रगति भएको छ । उद्योगतर्फ रु. ४७ लाख ४० हजार रुपैंया विनियोजन भएकोमा ३२ लाख १७ हजार ८७२ रुपैंया खर्च भई ६३.६७ प्रतिशत वित्तीय प्रगति भएको छ । पर्यटनतर्फ रु ९२ लाख ५० हजार रुपैंया विनियोजन भएकोमा ३१ लाख ६९ हजार ५९१ रुपैंया खर्च भई ३४.२७ प्रतिशत वित्तीय प्रगति भएको छ । सहकारीतर्फ २४ लाख ९५ हजार रुपैंया विनियोजन भएकोमा १४ लाख ३४ हजार ५२०रुपैंया खर्च भई ५७.५ प्रतिशत वित्तीय प्रगति भएको छ । जलस्रोत तथा सिचाईंतर्फ ३ करोड ७१ हजार ४१९ रुपैंया विनियोजन भएकोमा १ करोड ८ लाख १ हजार ४०३ रुपैंया खर्च भई ३५.९२ प्रतिशत वित्तीय प्रगति भएको छ । पशुपन्छी विकासतर्फ १ करोड ९३ लाख १९ हजार रुपैंया विनियोजन भएकोमा ४१ लाख २८ हजार ८६६ रुपैंया खर्च भई २१.३७ प्रतिशत वित्तीय प्रगति भएको छ ।

ख) सामाजिक विकास

सामाजिक विकासतर्फ ४८ करोड ७८ लाख ५ हजार १४५ रुपैंया विनियोजन भएकोमा समिक्षा अवधिसम्ममा ३६ करोड १९ लाख ९१ हजार २०० रुपैंया पैसा ८६ खर्च भई ७४.२प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । शैक्षिक विकासतर्फ ३५ करोड ५७ लाख ३५ हजार रुपैंया विनियोजन भएकोमा २७ करोड ७१ लाख ३१ हजार ५१५ रुपैंया पैसा ३६ खर्च भई ७७.९ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । जनस्वास्थ्यतर्फ ६ करोड ६१ लाख ३८ हजार रुपैंया विनियोजन भएकोमा ४ करोड ८४ लाख ६२ हजार ६६८ रुपैंया र पैसा ५० मात्र खर्च भई ७३.२८ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । खानेपानी तथा सरसफाईतर्फ १ करोड ६ लाख ५ हजार रुपैंया विनियोजन भएकोमा ४९ लाख ४२ हजार १३ रुपैंया खर्च भई ४६.६ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । भाषा तथा संस्कृतितर्फ ३७ लाख रुपैंया विनियोजन भएकोमा २० लाख ८४हजार ७५० रुपैंया खर्च भई ५६.३४ प्रतिशत वित्तीय उपलब्धी भएको छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फ १ करोड १८ लाख २० हजार १४५ रुपैंया विनियोजन भएकोमा ६९लाख ८५

हजार ७८ रुपैंया खर्च भई ५९.०९ प्रतिशत वित्तीय उपलब्धी भएको छ । युवा तथा खेलकुदतर्फ ९७ लाख ३० हजार रुपैंया विनियोजन भएकोमा ३५ लाख ११ हजार १०४ रुपैंया खर्च भई ३६.०९ प्रतिशत वित्तीय उपलब्धी भएको छ । सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमतर्फ ३ करोड ७७ हजार रुपैंया विनियोजन भएकोमा १ करोड ८८ लाख ७४ हजार ७२ रुपैंया खर्च भई ६२.७५ प्रतिशत वित्तीय उपलब्धी भएको छ ।

ग) पूर्वाधार विकास

पूर्वाधार विकासतर्फ २५ करोड ६९ लाख ९ हजार रुपैंयाविनियोजन भएकोमा १२ करोड ९९ लाख ८६ हजार ९८७ रुपैंया खर्च भई ५०.६ प्रतिशत वित्तीय प्रगति भएको छ । यातायात पूर्वाधारतर्फ १२ करोड ५२ लाख ७४ हजार रुपैंया विनियोजन भएकोमा ८ करोड ४ लाख २४ हजार ९८५ रुपैंया खर्च भई ६४.२ प्रतिशत वित्तीय प्रगति भएको छ । भवन आवास तथा शहरी विकासतर्फ १० करोड ८३ लाख ४५ हजार रुपैंया विनियोजन भएकोमा ३ करोड ९३ लाख ५३ हजार ९४४ रुपैंया खर्च भई ३६.३२ प्रतिशत वित्तीय प्रगति भएको छ । उर्जातर्फ ५० लाख ५० हजार रुपैंया विनियोजन भएकोमा २२ लाख १९ हजार ६२८ रुपैंया खर्च भई ४३.९५ प्रतिशतप्रगति भएको छ । सम्पदा पूर्वाधारतर्फ १ करोड ४ लाख ७५ हजार रुपैंया विनियोजन भएकोमा ५१ लाख ३० हजार ३३० रुपैंया खर्च भई ४८.९८ प्रतिशत वित्तीय प्रगति भएको छ । विज्ञान तथा प्रविधितर्फ ३१ लाख रुपैंया विनियोजन भएकोमा ६ लाख ४८ हजार ५०० रुपैंया खर्च भई २०.९२ प्रतिशत वित्तीय प्रगति भएको छ । पुन:निर्माणतर्फ ४६ लाख ६५ हजार रुपैंया विनियोजन भएकोमा २२ लाख ९ हजार ६ सय रुपैंया खर्च भई ४७.३७ प्रतिशत उपलब्धी भएको छ ।

घ) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रअन्तर्गत ४ करोड ८७ लाख ८८ हजार ७०१रुपैंया विनियोजन भएकोमा ९८ लाख १९ हजार ५१२ रुपैंया खर्च भई २०.१३ प्रतिशत उपलब्धी भएको छ । विपद् व्यवस्थापनतर्फ २ करोड २१ लाख ५० हजार रुपैंया विनियोजन भएकोमा ४३ लाख ५२हजार ४१४ रुपैंया खर्च भई १९.६४ प्रतिशत उपलब्धी भएको छ । मानव संशाधन विकास तर्फ ४ लाख रुपैंया विनियोजन भएकोमा २ लाख रुपैंया खर्च भई ५० प्रतिशत उपलब्धी भएको छ । शान्ति तथा सुव्यवस्थाअन्तर्गत १० लाख रुपैंया विनियोजन भएकोमा ९ लाख ७६ हजार ११८ रुपैंया खर्च भई ९७.६१प्रतिशत वित्तीय उपलब्धी भएको छ । कानुन तथा न्याय क्षेत्रमा २६ लाख ३४ हजार रुपैंया विनियोजन भएकोमा १४ लाख ९ हजार २११ रुपैंया खर्च भई ५३.५ प्रतिशत उपलब्धी हासिल भएको छ । शासन प्रणाली अन्तर्गत १३ लाख २५ हजार रुपैंया विनियोजन भएकोमा २५ हजार रुपैंया खर्च भई १.८९ प्रतिशत वित्तीय प्रगति भएको छ । तथ्यांक प्रणालीमा २१ लाख ५४ हजार रुपैंया विनियोजन भएकोमा ७ लाख ३४ हजार ३७० रुपैंया खर्च भई ३४.०९ प्रतिशत वित्तिय उपलब्धी

भएको छ । श्रम तथा रोजगारतर्फ १ करोड १० लाख ३६ हजार रुपैंया विनियोजन भएकोमा ९ लाख ९९ हजार ४ सय रुपैंया खर्च भई ९.०६ प्रतिशत उपलब्धी भएको छ । योजना तर्जुमा र कार्यान्वयनमा ७ लाख ५० हजार रुपैंया विनियोजन भएकोमा ४९ हजार ४९९ रुपैंया खर्च भई ६.६ प्रतिशत वित्तीय उपलब्धी हासिल भएको छ । प्रशासकीय सुशासनतर्फ ५१ लाख ३९ हजार ७०१ रुपैंया विनियोजन भएकोमा ९ लाख ७४ हजार रुपैंया खर्च भई १८.९५ प्रतिशत वित्तीय उपलब्धी भएको छ । वित्तीय सुशासनतर्फ रु १ लाख रुपैंया विनियोजन भएकोमा ९९ हजार ५ सय रुपैंया खर्च भई ९९.५ प्रतिशत वित्तीय प्रगति भएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक कार्यको लागि ११ करोड ५७ लाख ६१ हजार रुपैंया पैसा ४६ विनियोजन भएकोमा ७ करोड ५५ लाख ७४ हजार ९९७ रुपैंया ८२ पैसा खर्च भई ६५.२९ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ ।

यसरी समिक्षा अवधिको कुल संशोधित बजेट १ अर्ब ३८ लाख ७७ हजार ७६५ रुपैंया ४६ पैसामा ६० करोड ९५ लाख ९३ हजार ६२५ रुपैंया ६८ पैसा खर्च भई लक्ष्यको तुलनामा ६०.७२ प्रतिशत वित्तीय प्रगति भएको यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । उक्त वित्तीय प्रगतिमध्ये चालु खर्चतर्फ कुल ६४ करोड ५५ लाख ९७हजार ३४६ रुपैंया ४६ पैसा विनियोजन भएकोमा ४३ करोड ४९ हजार २४ रुपैंया ६८ पैसा खर्च भई ६६.६१ प्रतिशत वित्तीय उपलब्धी भएको छ भने पूँजीगत खर्चतर्फ ३५ करोड ८२ लाख ८० हजार ४१९ रुपैंया विनियोजन भएकोमा १७ करोड ९५ लाख ४४ हजार ६०१ रुपैंया खर्च भई ५०.११ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ ।

चालु आर्थिक वर्षको समिक्षा अवधिसम्मको संशोधित आय १ अर्ब ३८ लाख ७७ हजार ७६५ रुपैंया ४६ पैसामा ९० करोड ९३ लाख ३० हजार ८५१ रुपैंया ०८ पैसा प्राप्त भई संशोधित आय अनुमानको ९०.५८ प्रतिशत आय प्राप्त भएको व्यहोरा यस सम्मानित सभालाई अवगत गराउन चाहन्छु ।

सभाअध्यक्ष महोदय,

अब म , यस गरिमामय एघारौं नगरसभा समक्ष आगामी आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

जनताका असिमित आवश्यकता र चाहनाहरु पुरा गर्ने सवालमा उपलब्ध साधन र स्रोतहरुको दिगो व्यवस्थापन र परिचालनको माध्यमबाट समृद्ध नगर बनाउनेअभियानमा हामीजुटेका छौं । सकारात्मक सोचका साथ जनतासँग गरिएको प्रतिबद्धता पुरा गर्ने दिशामा यो नगरसभाले आगामी दिनमा ऐतिहासिक महत्व राख्नेछ भन्ने विश्वास लिएको छु ।

आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको अनुसूची ८ मा भएको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तथा बजेट

तर्जुमा दिग्दर्शन, २०७४ ले गरेका व्यवस्थालाई पूर्ण रुपमा पालना गर्ने प्रयास गरिएको छ । आर्थिक वर्ष २०७९।०८० का लागि संघीय सरकार, प्रदेश सरकारबाट प्रस्तुत बजेटले लिएका नीति र कार्यक्रम, दीगो विकासका लक्ष्य, नेपाल सरकारबाट प्राप्त स्वीकृत क्षेत्रगत नीतिहरु, मन्त्रालयहरु र राष्ट्रिय योजना आयोग, आवधिक योजनाले लिएको विकास लक्ष्य, नगरको आवधिक योजनामा प्राथमिकताप्राप्त क्षेत्रलाई आधार लिई बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ । बार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा संघ तथा प्रदेशका माननीय सांसदहरु, नगरमा क्रियासिल राजनितीक दल, वडा कार्यालयहरु,विषयगत क्षेत्रहरु, गैर सरकारी संस्था, नागरिक समाज, बुद्धिजिवी, लक्षित वर्ग, समुदाय, बिषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति समेतबाट प्राप्त सुझावलाईआत्मसात् गरिएको छ ।

सभाअध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रमको क्षेत्रगत नीति तथा प्राथमिकतालाई संक्षिप्त रुपमा राख्ने अनुमति चाहन्छु ।

१. आर्थिक विकास

(क) कृषि तथा पशुपालन

१. कृषक तथ्याङ्क संकलन गरी तथ्याङ्को आधारमा विपन्न, मध्यम वर्गिय र व्यवसायिक कृषकमा वर्गिकरण गरि परिचय पत्र प्रदान गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. कृषि व्यवसायमा आवद्ध व्यवसायीहरुको व्यवसायीक संस्था बनाई संस्थागत उत्पादन, प्रबर्द्धन र बजारीकरणको व्यवस्था गरिनेछ ।

३. सक्रिय कृषक समूह, सहकारीहरुलाई परिचालन गरी उत्पादन देखि बजारीकरणसम्मका क्रियाकलापमा पद्धतिको विकास गरी प्रविधिमैत्री बनाउने साथै एकिकृत उत्पादन र बजारको विकास गरिनेछ ।

४. कृषि उपजको व्यवसायिक उत्पादनका लागि एक गाउँ एक उत्पादन कार्यक्रम गरिनेछ ।

५. जैविक मल उत्पादन र घरबाट निक्लने फोहोरबाट प्राङ्गारिक मल उत्पादन गरी करेसाबारी कार्यक्रमलाई प्रोत्साहितगरिनेछ ।

६. निर्वाहमुखी पशुपालन व्यवसायको सुधारको लागी गोठसुधार, भकारो सुधार, च्यापकटर वितरण र नश्ल सुधार कार्यक्रमहरुलाई विस्तार गरिनेछ ।

७. कोरोना महामारी लगायत अन्य कारणले वैदेशिक रोजगारबाट फर्केका व्यवसायिक सीप र क्षमता भएका तथा व्यवसायिक उद्यममा नलागेका स्थानीय यूवाहरुलाई आफ्नै भूमिमा परिश्रम र सहकार्य गराउँदै उनीहरुको उत्कृष्ट व्यवसायिक परियोजनाका आधारमा यूवा उद्यमशिलता स्वरोजगारमूलक कार्यक्रम संचालन गरिनेछ ।

८. पशु स्वास्थ्य सेवालाई प्रभावकारी र सर्वसुलभ बनाउन दक्ष जनशक्ति तयारी गर्नभेटेरेनरीतालीम तथा औजार औषधी सहयोग कार्यक्रम लागू गरिनेछ ।

९. असंगठित र छरिएर रहेका किसानहरुलाई समुहमा आबद्ध गरि सेवा, सुविधा र प्रविधिमा पहुचँ बढाई उत्पादन बृद्धि गर्दै व्यवसायिकता तर्फ उन्मुख गरिनेछ ।

१०. जग्गाविहिनहरुलाई जग्गा उपलब्ध गराएर एकिकृत खेति प्रणाली सन्चालनको लागि प्रेरित गरिनेछ । खेती नगरि जग्गा बाँझो राख्नेलाईखेती गर्न प्रोत्साहन गरिनेछ ।

११. साना सिँचाईकार्यक्रमको माध्यमबाट खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुबिधा पुर्याउन कुलो मर्मत तथा निर्माण गरी सिञ्चित क्षेत्र विस्तार गरिनेछ ।

१२. कृषि बाली संरक्षणको लागि कृषि बिमालाई प्रोत्साहित गरिनेछ ।

१३. कृषि तथा पशुसेवालाई थप विस्तार गर्न वडा कार्यालयमार्फत सेवा सुचारु गर्न थप प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने र थप जनशक्ति आवश्यकताको सम्बन्धमा अध्ययन गरिनेछ ।

१४. बीउ विजनमा आत्मनिर्भर गराउन विदेशी हाईब्रिड बीउ वितरणलाई निरुत्साहित गरी रैथाने जातको बीउ बितरण गरि बिज बृद्धि कार्यक्रम सँचालन गरिनेछ ।

१५. बाली विकासको लागि माटो परिक्षण तथा कृषि चुना बितरणलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुको साथै कृषि उत्पादन बृद्धिका लागि मल, वीउविजनको सहज आपूर्तिगरिनेछ।

१६. संघ र प्रदेश सरकारको नीति अनुसार जग्गा खण्डीकरण र चक्लाबन्दी अन्त्य गरी उब्जनीयुक्त जमिन बनाउँदै भूमीहिन, सुकुम्बासी र विपन्नका लागि जिविकोपार्जन र रोजगारीमा जोड दिईने छ ।

१७. सहकारीमा आधारित खेती प्रणालीलाई प्रश्रय दिइनेछ र सामुहिक खेति प्रणाली गरी कृषि उत्पादन बृद्धि गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

१८. स्थानीय तथा उन्नत जातका घाँसको बीउ उत्पादन गर्न सामुदायिक वनसँग समन्वय गरी घाँसको बीउको श्रोत स्थापना गरिनेछ । कृषि र पशु सेवा क्षेत्रको विकासका लागि शिप तथा प्रविधिमा जोड दिँदै आय आर्जनसँग आबद्ध गरिनेछ ।

१९. कृषिजन्य रासायनिक मल तथा विषादी नियन्त्रण अभियान संचालन गरी प्राङगारिक खेती प्रणालीलाई बढावा दिई अर्गानिक तरकारी, दूध र माछामासुको उत्पादनमा जोड दिईनेछ ।

२०. वैज्ञानिक वन क्षेत्रको विकास गर्दै वनलाई आयआर्जनको थलो बनाउँदै पर्यटन विकासमा लगानी बढाईनेछ । सामुदायिक वनले वनपैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो बार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गराउन प्रेरित गर्दै सामुदायिक वन क्षेत्रबाट प्राप्त आम्दानीलाई पर्यटन विकासमा लगानी गरिनेछ ।

२१. **विपन्नसँग नगरप्रमुख** कार्यक्रम मार्फत आयवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. दुग्ध उत्पादनलाई बढावा दिन उपयुक्त स्थानहरुमा चिस्यान केन्द्र निर्माण गरिनेछ ।

२३. कृषकको लगानी र आम्दानी बढाएर प्रेरणाको स्रोत बनाउनका लागि कृषकलाई पुरष्कृत तथा सम्मान गरी कृषि तथा पशुपालन व्यवसायमा उत्साहित गर्दै लगिनेछ ।

२४. स्थानीयस्तरमा पशुपन्छी आहार उत्पादन गर्न प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

२५. प्रत्येक वडामा कृषि तथा पशु हाटबजार सञ्चालन गरिनेछ ।

२६. सुख्खाग्रस्त क्षेत्रमा कपास, बदाम,कागती तथा अन्य फलफूलको खेती गर्न कृषकलाई प्रोत्साहित गरिनेछ ।

२७. नगरलाई माछा, मासु,अण्डा र तरकारीमा आत्मनिर्भर बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

२८. अर्गानिक खेती अपनाई अर्गानिक खेती जोन बनाईँदै लगिनेछ ।

२९. कृषकहरुलाई व्यवसायिक कृषि उत्पादनको लागि आवश्यक पर्ने कृषि ऋणको लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरिनेछ ।

ख) पर्यटन, कला र संस्कृति

१. विगत आर्थिक वर्षदेखि संचालनमा रहेकोरमिते भ्यूटावरको सुव्यवस्थित सञ्चालन गरिनेछ । फिदिम ०४ स्थित थाक्ले बुद्धपार्क र तमोर नदी, फिदिम ०८ स्थित साधुटार, फिदिम ०५ स्थित लब्रेकुटी र सिलौटी,फिदिम १३ स्थित जल्पापोखरी, फिदिम १४ स्थित सुकेपोखरी र लोहाकिललाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

२. परम्परागत शैलीमा आधारित काठ तथा माटोका भाँडा तथा बाँसको सामाग्रीहरु ठेकी, डालो, डोको, मान्द्रो एवं आरनबाट उत्पादन हुने स्थानीय घरेलु सामाग्रीको विकास र प्रवर्धन गरिनेछ ।

३. स्थानीय कला संस्कृतिको संरक्षण एवं सम्बर्धनको लागि होमस्टेहरुलाई पर्यटकीय पहुँचस्थलको रुपमा विकास गरिनेछ ।

४. स्थानीय स्तरमा मनाइने विशेष चाडपर्वहरु, संस्कृति, भेषभूषा, बाजागाजाको विकास, संरक्षण र सम्बर्द्धन मार्फत पर्यटन प्रर्वद्धनमा जोड दिइनेछ ।

५. कला, साहित्य तथा संस्कृतिको संरक्षण र संवर्धन गर्न रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ । पौवाभङ्ग्याङमा रहेको पर्यटन सूचना केन्द्रलाई प्रविधिमैत्री सूचना केन्द्रको रुपमा सञ्चालनगरिनेछ ।

६. पर्यटक सूचनाको लागी नगर पर्यटकीय प्रोफाईल प्रकाशन गरी पर्यटकलाई आकर्षित गरिनेछ ।

७. नगर साहित्य प्रज्ञा प्रतिष्ठान गठन गरी भाषा, कला, साहित्यर संस्कृतिको संरक्षण र संवर्धनको लागि संस्थागत विकास गरिनेछ ।

८. स्थानीय भाषा, संस्कृतिको संरक्षण र संवर्द्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

ग) सहकारी

१. सहकारी क्षेत्रमा उद्धमशीलता विकास गरीपूँजी परिचालन तथा सुशासन कायम गरी सहकारी क्षेत्रलाई अर्थपूर्ण,सक्षम,सवल,समावेशी,दिगो र फराकिलो बनाउँदै लगिनेछ ।

२. सहकारी क्षेत्रलाई संख्यात्मक भन्दा गुणात्मक रुपमा विस्तार गरी सबल तुल्याउनेछ ।

३. आर्थिक तथा सामाजिक विकासको लक्ष्यमा योगदान पुर्याउन सहकारी शिक्षा सञ्चालन गरिनेछ ।

४. सहकारीको मूल्य र सिद्धान्तहरुलाई अनुसरण गर्न गराउन सबै सहकारी संस्थालाई अभिप्रेरित गरिने छ ।

५. सहकारीहरुको कुल बचतको निश्चित प्रतिशत रकम कृषिजन्य कार्यमा लगानी गर्न सहकारीहरुलाई प्रोत्साहित गरिनेछ।

६. सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन सहकारी संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गरिने छ ।

७. सहकारी सदस्यहरुको चेतना अभिबृद्धि गर्न र व्यवस्थापन क्षमता अभिवृद्धि गराउन सहकारी अनुशिक्षण र तालिमप्रदान गरी सहकारी कोषको परिचालन गर्न प्रेरित गरिनेछ ।

८. सहकारी सूचना सम्प्रेषणको लागि एकिकृत सूचना व्यवस्थापन प्रणाली (कोपोमिस) मा सबै सहकारीलाई क्रमशः आबद्ध गरिदै लगिनेछ।

९. सहकारी संस्थाहरुको आन्तरिक नियन्त्रण पद्धति र लेखा परिक्षणलाई थप व्यवस्थित गर्न नियमनलाई प्रभावकारी बनाईनेछ ।

१०. निष्कृय सहकारीहरुलाई समान उदेश्य भएका सहकारीहरुसँग एकिकरण गर्दै सक्रिय बनाउन प्रोत्साहित गरिनेछ ।

११. २ बर्षदेखि बार्षिक प्रतिवेदन नबुझाउने निष्कृय रहने सहकारीहरुलाई क्रमशः खारेजी प्रकृयामा लगिनेछ ।

१२. स्थानीय सहकारी संघसंस्थाहरुलाई कानूनको अधिनमा रहि प्रभावकारी नियमन गर्ने ब्यवस्था मिलाईनेछ । नगरपालिकाले साझेदारीमा संचालन गर्न सकिने कार्यक्रमहरुमा सहकार्य गरिनेछ ।

१३. नगरक्षेत्र भित्र कार्य गर्न चाहने गैर सरकारी संस्था, सामुदायिक संस्था, सहकारी संस्थाहरुले आफ्नो कार्यक्रम र बजेट नगरसभाबाट स्वीकृत गराई कार्यान्वयन गराउने व्यवस्था मिलाईनेछ ।

१४. लघु उद्यम विकास कार्यक्रमबाट स्थानीय स्रोत र साधनको परिचालन, सिप विकास र क्षमता अभिवृद्धिका गतिविधिहरु सञ्चालन गरी स्थानीय युवा, महिलालाई उद्यमतर्फ आकर्षित गरिनेछ ।

१५. लघु उद्यम विकास कार्यक्रममार्फत गरिबीको रेखा मुनि रहेका नगरवासीको जीवनस्तरमा सुधार ल्याईनेछ ।

१६. रोजगारी प्रर्वद्धन गर्नका लागि औद्योगिक ग्राम स्थापना गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

१७. सामाजिक संघसंस्था र समूहहरुलाई सामाजिक उत्तरदायित्व कार्यहरुमा सकृय गराउँदै प्रोत्साहित गरिनेछ ।

१८. एक घर एक व्यवसाय सञ्चालनका लागि प्रोत्साहित गरिनेछ ।

१९. प्रत्येक टोलवस्तीहरुमा घरेलु तथा साना उद्योग स्थापना गरी स्वरोजगार बनाईनेछ ।

२०. अवकाश प्राप्त राष्ट्रसेवक कर्मचारीहरुलाई रोजगार सिर्जना गरी उत्पादनमा जोड्न समूह गठन गरी सहकारी संघसंस्था सञ्चालन गराउन प्रोत्साहन गरिनेछ ।

२१. स्थानीयस्तरमा सेनिटेरी प्याड उत्पादनको लागि तालिम सञ्चालन गरिनेछ ।

२२. स्थानीय रुपमा खेर गईरहेको कच्चा पदार्थको उपयोग गर्दै नेपाली हाते कागज उत्पादनलाई प्रोत्साहित गरिनेछ ।

२३. लघु उद्यम विकास कार्यक्रममार्फत सिप र क्षमता वृद्धि गरी व्यवसायमा आबद्ध गर्न आवश्यक पर्ने ऋणका लागि वित्तीय संस्थाहरुसँग समन्वय गरिनेछ ।

२. सामाजिक विकास क्षेत्र

क) लैङ्गिक समानता, महिला, बालबालिका, अपांग, ज्येष्ठ नागरिक

१. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्दै समावेशी समाज निर्माणका लागि फिदिम नगरपालिका, प्रदेश नं. १, प्रदेश सरकार र करूणा फाउण्डेसन नेपालको लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिदैं प्रभावकारी बनाईने छ ।

२. अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापनाका लागि औषधि उपचार, सहयोगी सामाग्रीको साथै स्वास्थ्य, शिक्षा, जिविकोपार्जनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ।

३. मातृ शिशु स्वास्थ्य प्रवर्धन तथा जन्मजात विकसित हुन सक्ने अपाङ्गता न्युनिकरणका लागि सन्तानको योजना वनाएका दम्पत्तिहरूलाइ स्थानीय स्वास्थ्य संस्था मार्फत निःशुल्क रूपमा फोलिक एसिड चक्कि वितरण गर्ने र समुदाय स्तरमानै गभर्वती महिलाको भिडियो एक्सरे मार्फत जाचँ गर्ने कार्यलाइ थप प्रभावकारी बनाइनेछ ।

४. फिदिम नगरपालिका भित्र जन्मने हरेक नवजात शिशुको जन्म दोष पहिचान गरी शिशुको तत्काल उपचारलाई प्रभावकारी बनाइनेछ ।

५. फिदिम नगरपालिका भित्र रहेका सबै अपांगहरुलाई परिचय पत्र प्रदान गर्ने र अपाङ्गता परिचय पत्र प्राप्त गरेकासबै व्यक्तिहरूको स्वास्थ्य बिमाको व्यवस्था मिलाइनेछ ।

६. फिदिम नगरपालिका भित्र रहेका कान नसुन्ने व्यक्तिहरूको संचारको अधिकारलाइ सुनिश्चित गर्न दोभाषे उत्पादन तथा व्यवस्थापन गरिनेछ ।

७. धार्मिक, साँस्कृतिक, जातीय छुवाछुत, भेदभाव, कुरीति, कुसंस्कृति, अन्धविश्वास र सामाजिक विकृतिहरु हटाउन सामाजिक सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई प्रभावकारी बनाउन अपाङ्गता भएका व्यक्तिहरुको लागि सीपमुलक र आयमुलक कार्यक्रम संचालन गरिनेछ ।

९. सामाजिक सुरक्षा अन्तर्गत जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, दलित जेष्ठ नागरिक, दलित बालपोषण जस्ता प्रोत्साहन भत्तालाई सहज ढंगले वितरण गर्ने व्यवस्था मिलाइने छ ।

१०. महिला तथा किशोर किशोरीको क्षमता अभिबृद्धीमा विशेष जोड दिदै बहुबिवाह, बालविवाह लगायत सबै प्रकारका हिंसाको अन्त्य गर्न जनचेतना, आयमूलक, सीपमलक, उत्पादनमूलक कार्यक्रमहरु संचालन गरी क्षमता र सीपविकास गर्दै लगिनेछ ।

११. नगर क्षेत्रमा बसोबास गर्ने मृतकका परिवारसँगभेटघाट गर्न **"दुखमा नगरपालिका"** कार्यक्रम सञ्चालन गरिनुका साथै महिलाहरुमा हुने हिंसाको पहिचान र नियन्त्रण गर्न **"जनप्रतिनिधिसँग मनका कुरा"** नामक कार्यक्रम विद्यालय तहमा सञ्चालन गरिनेछ ।

१२. सिद्धपोखरी सेवा सदनलाई ज्येष्ठ नागरिक आश्रयस्थलको रुपमा विकास गराउन पहल गरिनेछ ।

१३. ज्येष्ठ नागरिकहरुबीच अन्तरक्रिया, छलफल गराई ज्येष्ठ नागरिकको सिकाई र अनुभवलाई विकासमा प्रतिविम्बित गराईनेछ ।

१४. अपांगता हेल्प डेस्क सञ्चालन मार्फत अपांगता भएका व्यक्तिहरुलाई प्रभावकारी सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१५. नगरपालिकाभित्र सञ्चालनमा रहेका सेफ हाउसहरुमार्फत महिला हिंसा, द्वन्द्वमा परेका महिला तथा बालबालिकाहरुलाई उद्वार, पुनःस्थार्पना र राहत कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. खुल्ला आकाशमुनी कष्टकर जीवन बिताईरहेका, मानसिक सन्तुलन गुमाएका बेवारिसे व्यक्तिहरुको उद्वार र पुनः स्थापना कार्य गरी मावन उद्धार गरिनेछ ।

१७. लागुपदार्थ दुर्व्यसनी,लैङ्गिक हिंसा, जाति, भाषा धर्म र लिंगका आधारमा हुने सबै प्रकारका हिंसा र विभेद विरुद्ध सचेतना अभियान सञ्चालन गरिनेछ ।

१८. युवा तथा किशोरकिशोरी मैत्री स्थानीय तह निर्माण गर्न स्थानीयस्तरमा स्वरोजगार र उद्यमशिलताको सिर्जना गरिनेछ ।

१९. शान्ति, विकास र संवृद्धिको लागि युवा सहभागिताको सुनिश्चितता गरिनेछ ।

२०. वैदेशिक रोजगारमा गएका नगरका युवाहरुको अभिलेख व्यवस्थित गरिनेछ ।

(ख) शिक्षा, यूवा तथा खेलकुद

१. विद्यालय जाने सबै उमेर समूहका बालबालिकाहरुलाई शिक्षाको पहुँचमा ल्याउनका लागी नगरपालिका, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायतसबै सरोकारवालाहरुको सकृयतामा विद्यालय भर्ना अभियान चलाईनेछ ।

२. विपन्न,असहाय,अनाथ, सडक बालबालिका, सिमान्तकृत, द्वन्द पिडित र शहिद परिवारका बालबालिकाहरुका लागि आवासीय विद्यालयको रुपमाविगत आर्थिक वर्षमा नै जागृती आधारभूत विद्यालय,फिदिम ०४मासञ्चालन गरिएकोमा उक्त कार्यलाई निरन्तरता दिदै प्रभावकारी बनाईनुको साथै अन्य सम्भावित स्थानहरुमा यस प्रकारका आवाशिय विद्यालयहरु सञ्चालन गरिनेछ ।

३. स्थानीय भाषा र लिपिको संरक्षण र उत्थानका लागि स्थानीय मातृ भाषाको पाठ्यक्रम तयार गरी अध्यापनको प्रबन्ध मिलाईनेछ ।

४. शैक्षिक गुणस्तर सबलीकरणको लागि प्रत्येक ३/३ महिनामा प्रधानाध्यापकहरुसँग बैठक तथा अन्तरक्रिया कार्यक्रम गरिनेछ।

५. विद्यालय शिक्षणलाई प्रभावकारी बनाउन विषयगत शिक्षक,कर्मचारीहरुलाई तालिम ,गोष्ठी र प्रशिक्षणको माध्यमबाट क्षमता विकास गरिनेछ ।

६. विद्यालयको शैक्षिक,भौतिक र वातावरणीय पक्षसमेतको अनुगमनलाई प्रभावकारी बनाईनेछ ।

७. सामुदायिक विद्यालयका आधारभूत र माध्यमिक तहमा अध्यापन गराउने उत्कृष्ट विषयगत शिक्षकहरुलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

८. सामुदायिक विद्यालयको लागि प्राप्त अनुदानलाई विद्यालयको स्थलगत अनुगमन गरी आवश्यकताको आधारमा अनुदान रकम उपलब्ध गराइनेछ ।

९. सामुदायिक विद्यालयहरुबीच वडा एवं नगरस्तरीय खेलकुद, हाजिरीजवाफ, वत्तृत्वकलाजस्ता अतिरिक्त कृयाकलाप सञ्चालन गरिनेछ ।

१०. बालविकास केन्द्रमा हुने सिकाईलाई बालमैत्री एवं गुणस्तरीय बनाउन आवश्यक शैक्षिक सामाग्रीको व्यवस्था मिलाईनेछ ।

११. नगरपालिका भित्रको सामुदायिक विद्यालयहरुमा अध्ययन गरी माध्यमिक तहमा उत्कृष्ट अंक प्राप्त गर्ने मेडिकल, इञ्जिनियरिङ र विज्ञान संकायमा भर्ना भएका मध्ये एकजना छात्र र एकजना छात्रालाई "**फिदिम नगरपालिका छात्रवृति**"प्रदान गरिनेछ ।

१२. सामुदायिक विद्यालयमा कार्यरत स्वयंसेवक शिक्षक तथा बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरुको लागि प्रोत्साहन भत्ता, पोसाक भत्ता र पर्व खर्चको व्यवस्था मिलाईएको छ ।

१३. आधारभूत तह कक्षा ८ को परिक्षालाई स्वच्छ, मर्यादित र व्यवस्थित बनाउन सुपरिवेक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. विद्यालयअनुदान र विद्यालय आयव्ययको वित्तीय अनुशासन कायम गर्न समयसिमाभित्र लेखा परिक्षण गर्ने कार्यलाई कडाईका साथ पालना गरिनेछ । समयसिमामा लेखापरिक्षण गराई प्रतिवेदन नबुझाउने विद्यालयहरुको अनुदानलगायतका सबै प्रकारका निकासाहरु रोक्का गरिनेछ ।

१५. विद्यालयको स्वामित्वमा रहेको सम्पति र आर्थिक अभिलेखन प्रणालीलाईसुव्यवस्थित गर्न विद्यालय प्रशासनलाई जिम्मेवार बनाईनेछ ।

१६. सुन्दर हरित फिदिमको अवधारणा सहित स्वच्छ एवं वातावणमैत्री विद्यालय बनाउन"**एक विद्यार्थी, एक विरुवा वृक्षारोपण अभियान**"संचालन गरी विद्यालय परिसर एवं अन्य खुल्ला स्थान हराभरा बनाईनेछ ।

१७. विद्यालय शिक्षण सिकाईलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

१८. मापदण्ड पुगेका संस्थागत विद्यालयहरुको मागका आधारमा कक्षा थप अनुमतिलाई निरन्तरता दिईनेछ । अनुमति नलिई सञ्चालनमा रहेका संस्थागत विद्यालयको सञ्चालनमा पूर्ण रोक लगाइनेछ ।

१९. नगरस्तरीय पाठ्यक्रम तथा मूल्याङ्कन समिति बनाई नगरपालिका भित्रका लागि स्थानीय भाषा र लिपिको पाठ्यक्रम तयार गरी क्रमशः लागु गरिनेछ ।

२०. इच्छुक एवं छनौटमा परेका विद्यालयहरुमा स्काउट कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।

२१. राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका कुनै पनि खेलमा विजयी हुने नगरभित्रका खेलाडीलाई सम्मान गरिनेछ ।

२२. नगरभित्र रहेका विभिन्न क्लवहरुलाई खेलकुद मार्फत संगठित गर्न र सिर्जनशिल बनाउन खेलकुद गतिविधि सञ्चालन गरिनेछ ।

२३. नगरभित्रका युवा प्रतिभा, युवा उद्यमी, युवा कवि, कलाकार, मुर्तिकार, चित्रकार तथा अन्य प्रतिभाहरुको खोजी गरी प्रोत्साहित गरिनेछ ।

२४. **पढ्दै कमाउँदै**भन्ने नारा सहित प्राविधिक शिक्षामा जोड दिईनेछ ।

२५. विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीहरुको स्वास्थ्य उपचारको लागि निशूल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२६. वार्षिक रुपमा सञ्चालन हुने फाल्गुनन्द कप, पाँचथरकप, नगर ब्याडमिन्टन, बुद्धिचाल लगायतका खेल सञ्चालनको लागि सहयोग उपलब्ध गराईनेछ ।

२७. नगरका १४ वटै वडामा रहेका खेलमैदानहरुको मर्मतसम्भार र सुधार गरिनेछ ।

२८. युवा डेस्कको व्यवस्था गरी युवाहरुको सर्वाङ्गिण विकासलाई आयआर्जनको अतिरिक्त विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(ग) जनस्वास्थ्य

१. सबै स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिमका निः शुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

२. गुणस्तरीय औषधि तथा प्रविधिजन्य स्वास्थ्य सामाग्रीको आपूर्ति, भण्डारणको व्यवस्था मिलाई नियमनमार्फत औषधिजन्य सामाग्रीहरुको सहज पहुँच एवं समुचित प्रयोगको सुनिश्चितत गरिनेछ ।

३. नागरिकहरुको स्वास्थ्य सुरक्षाको लागि सबै वडाहरुमा विपन्न र लक्षित वर्गको लागि स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।

४. स्वास्थ्य संस्थाहरुमा सञ्चालित वर्थिङ्ग सेन्टरलाई सुव्यवस्थित र प्रभावकारी बनाईनेछ ।

५. द्वन्दपिडित, शहिद परिवार, बेपत्ता परिवार, अशक्त, बिरामी, वेवारिसे, असहाय,गर्भवती, महिला तथा बालबालिकाहरुलाईउपचारमा प्राथमिकता दिइनेछ साथै आवश्यकता अनुसार शिविरहरु संचालन गरी स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि गरिनेछ ।

६. नगरपालिका क्षेत्रभित्र असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कार नगरपालिकाले नै गर्ने व्यवस्थालाई निरन्तरता दिदैं थप प्रभावकारी बनाईनेछ ।

७. हाडजोर्नी सम्बन्धी स्वास्थ्य समस्याको विशेषज्ञ सेवा बृद्धि गराउन फिजियोथेरापी सेन्टर स्थापना गरि संचालन गरिनेछ ।

८. बाह्य स्वास्थ्य संस्थासँगको साझेदारीतामा जेष्ठ नागरिक **दन्त उपहार कार्यक्रमको** लागि शिविर सञ्चालन गरी सेवा प्रदान गरिने व्यवस्था मिलाईनेछ ।

९. आर्युर्बेद स्वास्थ्य उपचार पद्दतीलाई प्रोत्साहित गर्दै घरेलु रुपमै प्राथमिक उपचार विधिको उपयोग गर्न प्रेरित गरिनेछ ।

१०. महिलाको आङ खस्ने तथा नगरवासीहरुको आखाँ उपचारको लागि शिविर सञ्चालन गरी जनमानसमा स्वास्थ्य सेवा पुर्याईनेछ ।

११. **घरघरमा योग, भगाऔं** रोग भन्ने अभियानका साथ विद्यालयमा आर्युर्वेद कार्यक्रम सञ्चालन गरिने छ ।

१२. फिदिम र लुङरुपा आयुर्वेद औषधालयमा सञ्चालित पञ्चकर्म सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१३. आयुर्वेद चिकित्साको पहुँच नपुगेका वडाहरुमा आयुर्वेद औषधालयबाट गाउँघर क्लिनिक सञ्चालन गरी बिरामीहरुको नि: शुल्क उपचार गर्ने व्यवस्था मिलाईनेछ ।

१४. आयुर्वेदिक औषधि प्रणालीको विकासको लागि किसानहरुलाई जडिबुटी सम्बन्धी तालिम प्रदान गरी जडिबुटी खेती गर्ने वातावरणको सृजना गरिनेछ ।

१५. सबै स्वास्थ्य संस्थाहरुबाट मासिकरुपमा प्रगति तथा प्रतिवेदनहरु प्राप्त गर्ने व्यवस्था मिलाईनेछ र प्रतिवेदनको आधारमा संस्थाहरुको सुदृढीकरणमा जोड दिईनेछ ।

१६. फिदिम नगरपालिका, वडा नं. १४ मा रहेको लुङरुपा स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर स्थापना गरी मातृशिशु स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१७. रक्तदान गर्नेहरुको अभिलेख राखी आकस्मिक रक्त सेवालाई सहज बनाईनेछ ।

१८. प्रत्येक वडामा एम्बुलेन्स तथा आकस्मिक सवारी साधनको व्यवस्था मिलाउन प्रदेश र संघ सरकारसँग समन्वय गरिनेछ ।

३. भौतिक पूर्वाधार विकास

क) सडक तथा निर्माण

१. नगरपालिकाको भौतिक पूर्वाधारहरुको Base Line Data तयार गरिनेछ । नगर यातायात गुरुयोजना,पर्यटन गुरुयोजना तयार गरिनेछ ।

२. नगरपालिका भित्र रहेका सडकहरु मर्मत तथा स्तरोन्नतीगरी बाह्रै महिना यातायात सञ्चालन गर्ने व्यवस्था मिलानेछ ।

३. आवधिक नगर विकास योजनाको मध्यावधिक मूल्यांकन गरी समय सापेक्ष बनाउनुको साथै फिदिम बजारमा निर्माण हुने घरहरुको वर्गीकरण गर्न कोडिङ प्रणाली लागु गरिनेछ ।

४. मुख्य सडकबाट वडा कार्यालयहरु जोड्ने पहुँच सडक स्तरोन्नती र कालोपत्रे गर्दै लगिनेछ ।

५. चालु आर्थिक वर्षमा निर्माण कार्य प्रारम्भ भएका वडा नं. १ र ८ का कार्यालय भवन निर्माणलाई पूरा गरिनेछ । वडा कार्यालय भवन नभएका वडा नं.४ र ६ का लागि जग्गा व्यवस्थापन गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।

६. नेपाल विद्युत प्राधिकरणको साझेदारीमा फिदिम बजारलगायत फिदिम नगरपालिका भित्रका बजारउन्मुख केन्द्रहरुमा Smart Street Light जडान कार्य गरिनेछ ।

७. नगरपालिका भित्रका वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था अध्ययन गरी पूर्वाधारहरुको निर्माण, पुन: निर्माण तथा मर्मत सम्भार गरिनेछ ।

८. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत नवप्रवर्तन साझेदारी कोष प्रदेश सहयोग कार्यक्रम, फिदिम नगरपालिका र निजी क्षेत्र कञ्चनजंगा टि स्टेट एण्ड रिसर्च सेन्टर प्रा. लि. सँग

सहकार्य गरी "अर्गानिक भुईंस्याउ उत्पादन तथा सिरप प्रशोधन र बजारीकरण परियोजना(फिदिम नगर सुशासन तथा आर्थिक विकास)" कार्यक्रम सञ्चालन गरिनेछ ।

९. विकास निर्माणमा वडाहरुलाई प्रतिस्पर्धात्मक रुपमा अग्रसर गराउन तोकिएको गुणस्तर, मापदण्ड र समयावधि भित्रमा योजना सञ्चालन गरी सम्पन्न गर्ने उपभोक्ता समितलाई सम्मान गर्ने र वडाहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

१०. फिदिम नगरपालिका वडा नं. २ मा अवस्थित पल्लोटार बसपार्कको सुव्यवस्थित सञ्चालन गरी सवारी आवागमनलाई सरल र सहज बनाईनेछ ।

११. पूर्वाधार विकास निर्माणका योजनामा लागत साझेदारीलाई प्रोत्साहित गरिनेछ । आर्थिक वर्ष २०७८/७९ को लागत साझेदारी सम्बन्धी मापदण्डलाई कायमै राखिएको छ ।

१२. ग्रामिण कृषि सडकहरुको मर्मतसम्भार एवं स्तरोन्नती गरी कृषि उपजलाई बजारसम्म सहजरुपमा ढुवानी गर्न सक्ने प्रबन्ध मिलाईनेछ ।

१३. नगर विकास सम्बन्धी कार्यक्रमहरुको वार्षिक कार्ययोजना तयार गरी तोकिएको मापदण्ड, गुणस्तर र समयावधिभित्र सम्पन्न गर्न प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रणाली अबलम्वन गरिनेछ ।

१४. संघ, प्रदेश तथा नगरस्तरीय पूर्वाधार विकासका सम्पुर्ण योजनाहरु निर्धारित समयमै सम्झौता, कार्यान्वयन र सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

१५. ठुला योजनाहरुको प्राथमिकता निर्धारण गरी श्रोतसुनिश्चितत गर्न संघ र प्रदेशसँग समवन्य गरी कार्यान्वयन गर्दै लगिनेछ ।

१६. नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास कार्यक्रमअन्तर्गत वडाको प्राथमिकताको आधारमा सडक, विद्यालय भवन, सामुदायिक भवनजस्ता पूर्वाधारको निर्माण गरिनेछ ।

१७. प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सूचीकृत भएका बेरोजगार संख्याको आधारमा श्रममा आधारित रोजगार कार्यक्रम सञ्चालिन गरिनेछ ।

१८. युवा लक्षित कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न पूर्वाधारमा युवा कार्यक्रम सञ्चालन गरिने छ ।

१९. सडक तथा पूर्वाधार निर्माण कार्य गर्दा प्रभावित क्षेत्रमा वृक्षारोपण कार्यलाई अनिवार्य गरिनेछ ।

२०. नगर चक्रपथ सडक निर्माण कार्यलाई पूरा गरी क्रमशः सञ्चालनमा ल्याईनेछ ।

२१. नगर क्षेत्रका सडक मार्गमा पर्ने खोला र खोल्सामा पूल, कज्वे र कलभर्ट निर्माणका लागि संघ र प्रदेश सरकारसँग पहल गरिनेछ ।

२२. सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण एवं विकासका लागि स्थलगत अनुगमन गरी प्राथमिकताको आधारमा विद्यालय पूर्वाधार निर्माण गरिनेछ ।

(ख) भवन, आवास तथा नक्सापास

१. नगरक्षेत्र भित्र रहेका विभिन्न धार्मिक एवं साँस्कृतिक समुदायहरुको गुम्बा, मठमन्दिर, देवस्थलहरुको निर्माण, मर्मतसम्भार, जिर्णोद्वार एवं सुधार विस्तार गरिनेछ ।

२. नगरक्षेत्र भित्र बसोबास गर्ने अति बिपन्न, द्वन्द पिडित, बेपत्ता र शहिद परिवारको आवास व्यवस्थापनको लागि संघ सरकारको सहयोग र सहकार्यमासंचालित सुरक्षित आवास कार्यक्रमलाई थप प्रभावकारी एवं सशक्त बनाईनेछ ।

३. नगरपालिका क्षेत्रभित्र निर्माण हुने सबै प्रकारका निजि, सार्वजनिक तथा सरकारी भवनहरु नगरपालिकाको ईजाजत लिएरमात्र निर्माण हुने व्यवस्थालाई कडाईका साथ लागु गराईनेछ ।साथै सार्वजनिक भवनहरु अपांगमैत्री बनाईनेछ ।

४. अनलाईन विधिबाट नक्सा पास गर्न Electronics Building Permit System प्रविधिको प्रक्रिया थालनी गरिनेछ र साविकमा पास भएका घर नक्सालाई डिजीटाईजेसन गरिनेछ ।

५. नगर क्षेत्रभित्र निर्माण गरिने भवनहरूको निर्माण कार्य गुणस्तरीय, भूकम्प प्रतिरोधी र मापदण्ड अनुसारको बनाउन निर्माण कार्यमा संलग्न मजदुरहरूलाई तालिम कार्यक्रममार्फत सिप र क्षमतामा अभिवृद्धि गरिनेछ ।

६. संस्थागत भवन, अस्पताल, विद्यालमा सोलार इनर्जी प्रयोग गर्न प्रोत्साहन गरिनेछ साथै नयाँ बन्ने भवनहरूमा प्राकृतिक प्रकाशको प्रबन्ध मिलाई जेष्ठ नागरिक र अपाङगतामैत्री बनाईनेछ ।

७. राष्ट्रिय भवन संहिता र फिदिम नगरपालिका भवन निर्माण सम्बन्धी मापदण्ड ,२०७६लाई कडाईकासाथ पालना गर्ने व्यवस्था मिलाईनेछ ।

८. पुराना तथा भूकम्पीय दृष्टिकोणले जोखिमयुक्त सरकारी, संस्थागत तथा नीजि भवनहरुको भूकम्पीय प्रवलिकरण गर्न प्रोत्साहन गरिनेछ ।

९. नक्सापास नगरी भवन निर्माण गर्ने कार्यलाई रोक्न र सुरक्षित आवासलाई सुनिश्चित गर्न स्थलगत अनुगमनलाई प्रभावकारी बनाईनेछ ।

१०. उत्पादनमूलक कृषि जग्गाको जथाभावी खण्डीकरण गरी आवासीय भवन निर्माणकोप्रवृतिलाई निरुत्साहित गरिनेछ ।

११. भवन निर्माण ईजाजत नलिई भवन निर्माण गर्ने कार्य निरन्तर हुँदै आएकोले उक्त कार्यलाई निरुत्साहित गर्न एकपटकलाई निर्माण भएका भवनहरुको अभिलेखिकरण गर्न एक वर्षको समायवधि दिई अभिलेखिकरण कार्य व्यवस्थित गरिनेछ । अब उप्रान्त कुनै प्रकारको भवनहरु निर्माण ईजाजत बेगर निर्माण हुन नदिईने व्यवस्था गरिनेछ ।

१२. घरनक्सा पास गर्दा आवास क्षेत्रको खुल्ला स्थानमा अनिवार्य रुपमा न्यूनतम दुई(२) बिरुवा रोप्नुपर्ने व्यवस्था मिलाईनेछ ।

१३. नगरपालिका क्षेत्रभित्र निर्माण भएका सबै प्रकारका भवन संरचनाहरुको तथ्यांक संकलन गरी अभिलेखिकरण गरिनेछ ।

(ग) खानेपानी, सिंचाई, उर्जा व्यवस्थापन

१. खानेपानी तथा सरसफाई उपभोक्ता समिति, जल उपभोक्ता समितिलगायत खानेपानी,सरसफाई र सिचाईको क्षेत्रमा काम गर्ने सबै संस्थाहरुलाई प्रभावकारी,व्यवस्थित र उपभोक्तामैत्री बनाईनेछ ।

२. हाल सञ्चालनमा रहेका पुराना सिंचाई प्रणालीको मर्मत सम्भार गरीसिचाई सुविधा विस्तार गरिने छ ।

३. ठुला सिंचाईका पुर्वाधार विकासका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

४. वृक्षारोपण कार्यक्रममार्फत नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न खोला खोल्सी एवं मुहानहरुको संरक्षण एवं सम्बर्द्धगरिनेछ ।

५. नगरपालिकाभित्र विद्युत सेवा नपुगेका स्थानहरुमा विद्युत पहुँच विस्तारका लागि आवश्यक समन्वय गरिनेछ ।

६. खानेपानीको सुविधा नपुगेका स्थानहरुमा खानेपानीको पहुँच पुर्याउन आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

७. संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा संचालित आयोजनाहरु लाई निरन्तरता दिईनेछ ।

८. नगरपालिका क्षेत्रभित्र खानेपानी उपभोक्ता संस्थामार्फत सञ्चालन भएका खानेपानी वितरण कार्यक्रमको प्रभावकारी अनुगमन गरी खानेपानीको सुव्यवस्था हुन नसकेको पाईएमा नगरपालिका आफैंले सो उपर आवश्यक कामकारबाही गरी नगरवासीलाई नियमित,भरपर्दो र स्वच्छ खानेपानी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

९. खेर गईरहेको खोला खोल्सी र वर्षाको पानी भण्डारण गरी सिचाईंको व्यवस्था मिलाईनेछ ।

४. वन, वातावरण तथा विपद् व्यवस्थापन

१. फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी र दिगो बनाउन सार्वजनिक निजी साझेदारीकोमाध्यमबाट फोहोरमैला व्यवस्थापन कार्यको थालनी गरिनेछ ।

२. वातावरण संरक्षण र सम्बर्द्धनका लागि नगर क्षेत्रमा रहेका खुल्ला तथा सार्वजनिक स्थानहरुमा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

३. सडकको दुवै तर्फ हरियाली प्रबर्द्धन तथा नगरको सौन्दर्य कायम गर्न वृक्षारोपण कार्यक्रम मार्फत **सफा र हराभरा सडक,स्वच्छ नगर अभियान**बजार व्यवस्थापन समितिमार्फत सञ्चालन गरिनेछ ।

४. पानीको श्रोत, मुहान, पोखरी, ऐतिहासिक, संस्कृतिक तथा धार्मिक सम्पदा एवं जैविक विविधताको संरक्षण गदै लगिनेछ ।

५. सफा र हरियाली नगर निर्माणको लागि नागरिकहरुलाई प्रोत्साहित गरिनेछ । घरायसी फोहोर, प्लास्टिक तथा टायर बाल्न निरुत्साहित गरिनेछ । प्लाष्टिकको झोला प्रयोगलाई निरुत्साहित गरिनेछ ।नगरक्षेत्रको सरसफाईको लागि समय समयमा विविध कार्यक्रमहरु संचालन गरिनेछ।

६. कलकारखाना, उद्योग संचालन गर्नु अघि पूर्व प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव परिक्षण प्राप्त भए पश्चात मात्र संचालन अनुमति दिईनेछ ।

७. आगलागिबाट हुने क्षति न्युनिकरणका लागि दमकल सेवालाईथप प्रभावकारी एवं सशक्त बनाईनेछ ।

८. फोहोरमैला व्यवस्थापनको लागि घर नक्सा पास गर्दा अनिवार्य रुपमा सेफ्टी ट्यांकी सहितको शौचालय निर्माण गर्नुपर्ने व्यवस्था लागु गरिनेछ ।

९. फिदिम नगरपालिका खुल्ला दिशामुक्त नगर घोषणा भईसकेकोले त्यसको दिगोपनालाई सुनिस्चित गर्न प्रवर्धनात्मक कार्यक्रम गरिनेछ ।

१०. नगरपालिका क्षेत्रभित्र रहेको मेची राजमार्गको सडक क्षेत्राधिकारलाई सुनिश्चित गर्दै सरोकारवालाहरुको सहभागितामा सरसफाई र व्यवस्थापनमा जोड दिईनेछ ।

११. विपदबाट हुनसक्ने क्षतिको तत्काल उद्दार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति, सामाग्री र श्रोतको परिचालनको लागि सरोकारवाला निकाय वा संस्थाहरुसँग समन्वय गरि व्यवस्थापन गरिनेछ ।

१२. सामुदायिक, साझेदारी वनलाई संघीय, प्रादेशिक वन ऐनले दिएको व्यवस्था अनुसार नियमन गरि सामाजिक उत्तरदायित्वको कार्यक्रमहरुमा साझेदारी गर्दै लगिनेछ ।

१३. स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी २४ सै घण्टा टोल फ्री नम्बरको व्यवस्था गरी सम्पूर्ण विपद्का घटनाहरुलाई अभिलेख राख्ने तथा आकस्मिक उद्दार, पुनःस्थापना र राहतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको सहयोगमा स्थानीय विपद् उत्थानशिल योजना तयार गरी सोबमोजिम क्रियाकलाप सञ्चालन गरिनेछ ।

१५. नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गरी जोखिम न्यूनीकरण गर्दै दिगो विकासको अवधारणालाई स्थानीयकरण गरिनेछ ।

१६. फोहोरमैलाबाट प्रभावित डम्पिङ साईटका स्थानीयवासीहरुको स्वास्थ्य स्थितिलाई लक्षित गर्दै स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ ।

१७. तोकिएको स्थानभन्दा बाहिरबाट उत्खनन् हुने ढुङ्गा, गिटी र बालुवालाई पूर्णतया निरुत्साहित गरिनेछ ।

१८. पूर्व वातारणीय परिक्षण तथा वातावरणीय प्रभाव परिक्षणबिना ढुङ्गा, गिटी, बालुवा उत्खनन् गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

१९. खुल्ला तथा नाङ्गो जमिनमा फलफूल,जडिबुटीको वृक्षरोपण गरी आ.व. २०७९/८० लाई **नगरवृक्षरोपण वर्ष**को रुपमा मनाईनेछ ।

२०. स्थानीय वन ऐन जारी गरिनेछ ।

२१. दुर्लभ वन्यजन्तु, जडिबुटी र बोटविरुवाको संरक्षण र सम्वर्द्धनमा प्रवर्द्धनात्मक कार्य गरिनेछ ।

५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

(क) सूचना, तथ्याङ्क तथा राजस्व

१. नगरका गतिविधिहरुको जानकारी सबै नगरवासीहरु समक्ष पुर्याउन सूचना प्रवाहमा आधुनिक प्रविधिहरुको प्रयोग र सूचना तथ्याङ्क व्यवस्थापनमा सुधार गर्दै लगिनेछ ।

२. सामाजिक सुरक्षाको तथ्याङ्कहरुको भण्डारण र सहज उपयोगको लागि गरिएको लगत डिजिटाईज लाई प्रभावकारी बनाउँदै लगिनेछ ।

३. पत्रकारिता क्षेत्रलाई मर्यादित तथा व्यवस्थित गर्न विगतमा दिईदै आएको सहयोग र नगरविकासको सूचना प्रवाहमा सहयोग पुर्याउने सञ्चारकर्मीलाई प्रदान गरिदैं आएको **"नगर उत्कृष्ठ पत्रकार पुरस्कार"** लाई निरन्तर गरिनेछ।

४. आवधिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदाता व्यक्ति र संस्थातर्फ प्रदान गरिदैं आएको उत्कृष्ट करदाता सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ । समयमा कर नतिर्नेलाई जरिवाना गर्ने, लामो समय कर नतिरी अटेर गर्नेलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाउपलब्ध नगराउने नीति अंगिकार गरिएको छ ।

५. करको दायरामा नआएका क्षेत्रहरुलाई करको दायरामा ल्याउनुका साथै करका दरलाई समेत समय सापेक्ष परिमार्जन गर्न राजस्व अभिबृद्धि सम्बन्धी अध्ययन विश्लेषण गरिनेछ ।

६. नगरपालिकाबाट गर्ने खर्च प्रणालीलाई व्यवस्थित गरी बेरुजु तथा पेश्कीलाई निरुत्साहित गर्दै आर्थिक पारदर्शिता कायम गरिने साथै काम सम्पन भएपछि मात्र भुक्तानी प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

७. करको दायरामा नआएका व्यवसायी,उद्यमीहरुलाई करको दायरामा ल्याउन वडास्तरमा घुम्ती सेवा सञ्चालन गरिनेछ ।

८. चालु आर्थिक वर्षमा व्यवसाय कर, घरबहाल कर र नयाँ व्यवसाय दर्तासम्बन्धी कार्य गर्न उद्योग,वाणिज्य संघसँग गरिएको समझदारीलाई आगामी आर्थिक वर्ष २०७९/८०मा समेत निरन्तरता दिँदै राजश्व प्रशासनलाई प्रभावकारी बनाउँदै लगिनेछ ।

(ख) संस्थागत सुधार, सुशासन र पारदर्शिता

१. नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रभाबकारी बनाउन स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि बमोजिम क्षमता विकास योजना निर्माण, लैङ्गिक उत्तरदायी बजेट परिक्षण, मध्यमकालीन खर्च संरचना, वार्षिक खरिद योजना, सडक यातायात गुरुयोजना, जोखिम संवेदनशिल भूउपयोग योजना, विपद जोखिम क्षेत्रको नक्साङ्कन लगायतको व्यवस्थालाई कार्यान्वयन गर्दै लगिनेछ ।

२. नगरपालिका र वडा कार्यालयहरुबाट सार्वजनिक सेवा प्रवाह गर्दा जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरु, असक्त व्यक्तिहरु, बालबालिका र महिलाहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

३. वडा तथा टोल स्तरसम्म योजना कार्यान्वयन, सेवा सुविधाको स्तर, शैली र स्थिति लगायतका जनचासोका विषयहरुमा बुझ्न **"जनतासँग नगरप्रमुख"**कार्यक्रमसरोकारवालाहरुको सहभागितामा सबै वडाहरुमा नियमित रुपमा संचालन गरिनेछ ।

४. सेवाग्राहीहरुको गुनासो व्यवस्थापनको लागि गुनासो पेटीकाको व्यवस्थालाई प्रभावकारी बनाउँदै गुनासाहरुको समुचित सम्बोधन गरिनेछ ।

५. नगरभित्रका सबै वित्तीय संस्थाहरु, सरकारी तथा गैर सरकारी संस्थाहरुकोनियमन, अनुगमन र मूल्यांकनको व्यवस्था मिलाईनेछ ।

६. कर्मचारीहरुको कार्यसम्पादनको मुल्याङ्कन गरी उत्कृष्ठ कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गरिने छ ।

७. नगरपालिका क्षेत्रभित्रका सरकारी कार्यालय तथा संस्थानहरुबाट भएको सेवा प्रवाहछिटो,छरितो, चुस्त, दुरुस्त, पारदर्शी र प्रभावकारी भए नभएको अनुगमन गरी सेवालाई प्रभावकारी बनाईने छ ।

८. नगरपालिकाबाट प्रवाह हुने सबै प्रकारका सेवाहरुको सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापनलाई व्यवस्थित बनाईनेछ ।

९. उपभोक्ता हित संरक्षणका लागि बजार क्षेत्रको अनुगमन कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

१०. दिगो विकासका लक्ष्य पुरा गर्न नेपाल सरकार र प्रदेश सरकारले लिएका नीतिहरुको कार्यान्वयनमा प्राथमिकता दिईनेछ ।

११. नगर कार्यपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई प्रविधिमैत्री बनाईनेछ ।

१२. कार्यालयमा सहायता कक्षको माध्यमबाट सेवाग्राहीको सेवा पहुँचलाई सरल, सहज र प्रभावकारी बनाईनेछ ।

१३. सेवा प्रवाह र संगठन संरचनाको अध्ययन गर्न प्रभावकारी व्यवस्थापन तथा संगठन सर्वेक्षण गरी संगठन संरचनाको पुनरावलोकन गरी सोअनुसार कार्यविवरण प्रदान गर्ने कार्यको व्यवस्था मिलाईनेछ ।

१४. कार्यालयमा र सबै वडाहरुमा नागरिक वडापत्र राख्ने प्रबन्ध मिलाई सेवाग्राहीहरुको सूचना माथिको पहुँचलाई स्थापित गरिनेछ ।

१५. नागरिकहरुको सूचनाको हकलाई स्थापित गर्न नगरकार्यपालिका र कार्यालयले गरेका निर्णयहरु वेभसाईट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ । वेभसाईटलाई समायानुकुल अद्यावधिक गर्दै लगिनेछ ।

१६. फिदिम नगरकार्यपालिकाको कार्यालयबाट भएको आम्दानी र खर्चको विवरण मासिक रुपमा वेभसाईट र सूचना पाटीमार्फत सार्वजनिक गरी पारदर्शिता प्रवर्धन गरिनेछ ।

१७. नगर विकास योजनामा सम्बद्ध योजना र कार्यक्रमहरुको आवधिक रुपमा समिक्षा गर्ने प्रबन्ध मिलाईनेछ ।

१८. नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रम र आयोजनाहरुको अनुगमन स्थानीय प्रशासनसमेतको सहभागितामा गर्ने व्यवस्था मिलाईनेछ ।

१९. हेल्लो नगरपालिका कार्यक्रम सञ्चालन गरी गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

२०. संघ र प्रदेशद्वारा नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका योजना र कार्यक्रमहरुको समेत प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध निकायहरुसँग समन्वय गरी प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ ।

२१. नगरकार्यपालिकाको कार्यालयबाट हुने सबै प्रकारका खर्चहरु वित्तीय अनुशासनको परिधिभित्र रहने व्यवस्था मिलाईनेछ ।

(ग) न्याय सम्पादन तथा शान्ति सुरक्षा

१. समतामूलक समाज निर्माणका लागि न्यायको पहुँच अभिबृद्धि गर्न न्याय सम्पादन कार्यलाई छिटो छरितो, मितव्ययी, निष्पक्ष, प्रभावकारी र उत्तरदायी बनाईनेछ ।

२. न्यायमा पहुँच विस्तारका लागि सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुको क्षमता अभिवृद्धि गर्न मेलमिलापकर्ताहरुकालागि आवश्यक अभिमुखिकरण तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

३. न्यायिक समिति मार्फत हुने काम प्रभावकारी बनाउनका लागि समितिका सदस्यहरुलाई न्युनतम पुर्पक्ष र कार्यविधी एवं अधिकारको अनुशिक्षण तालिम एंव क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

४. न्यायिक समितिले मुद्दा तथा विवादको सुनुवाईको क्रममा आवश्यकता अनुसार विज्ञ तथा कानूनी परामर्शदाताको सहयोग लिई न्याय सम्पादनलाई प्रभावकारी बनाईनेछ ।

५. सामाजिक न्याय र सुशासन कायम गर्न सामाजिक अपराधहरु, दुर्व्यसन तथा कुसंस्कारहरु न्यूनिकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. सार्वजनिक आवगमन सुव्यवस्थित गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रर्दशनी आदिको सुरक्षा व्यवस्थापन गर्न नगर प्रहरी र सुरक्षा निकायसँग समन्वय गरिनेछ ।

७. यसअघि जडान गरिएका सिसि टिभि क्यामेराहरुको संचालनलाई नियमित गरी आवश्यकता अनुसार थप गर्दै लगिनेछ ।

